संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - १९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ २६ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर निम्नलिखित मा० सदस्यहरुले काठमाडौं महानगरमा फोहोरको कारण दुर्गन्ध फैलिएको, किसानले बाली लगाउने समयमा मल नपाएको, बर्दियामा वन्यजन्तुबाट पिडित जनतालाई प्रहरी प्रशासनबाट दमन गरिएको, हज तीर्थ यात्राको शुल्क अस्वभाविक रुपमा बढेको र हज यात्रीलाई सरकारबाट सहयोग नभएको, दार्चुला जिल्लामा एकल महिलामाथि कुकृत्य गरी जलाएर हत्या गरिएको तर अपराधीलाई प्रहरी प्रशासनले हालसम्म पक्रन नसकेको, तारा एयरको विमान दुर्घटनापश्चात मुस्ताङ्गमा हवाई सेवा सुचारु गर्न कर्मचारीहरु तत्पर नभएको लगायतका विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री कृष्ण कुमार राई
२. मा० श्री हृदयेश त्रिपाठी
३. मा० श्री गणेश सिंह ठगुन्ना
४. मा० श्री प्रेम प्रसाद तुलाचन

त्यसपछि प्रारम्भ भएको शून्य समयको कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेक बहादुर बस्नेत
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री तेजु लाल चौधरी
४. मा० श्री दामोदर भण्डारी
५. मा० श्री दिल कुमारी
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री दीपक प्रकाश भट्ट
८. मा० श्री दुर्ग बहादुर रावत
९. मा० श्री दुर्गा पौडेल
१०. मा० श्री देवेन्द्र राज कंडेल
११. मा० श्री ध्रुव कुमार शाही
१२. मा० श्री नन्द लाल रोका क्षेत्री
१३. मा० श्री नविना लामा
१४. मा० श्री नर बहादुर धामी
१५. मा० श्री नवराज रावत
१६. मा० श्री नव राज सिलवाल
१७. मा० श्री नारायण प्रसाद खतिवडा
१८. मा० श्री नारायण प्रसाद मरासिनी
१९. मा० श्री निरु देवी पाल
२०. मा० श्री पद्मा कुमारी अर्याल
२१. मा० श्री पवित्रा निरौला (खरेल)
२२. मा० श्री पार्वती कुमारी विशुन्के
२३. मा० श्री पुष्पा भुसाल (गौतम)
२४. मा० श्री पोल्देन छोपाङ गुरुङ
२५. मा० श्री प्रकाश मान सिंह
२६. मा० श्री प्रेम प्रसाद तुलाचन
२७. मा० श्री प्रेम सुवाल
२८. मा० श्री देव प्रसाद गुरुङ्ग

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि ६ जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दुर्गा पौडेल
३. मा० श्री यज्ञराज सुनुवार
४. मा० डा० सूर्य प्रसाद पाठक
५. मा० डा० भीम बहादुर रावल
६. मा० श्री नवराज सिलवाल

यसैबीच मा० डा० सूर्य प्रसाद पाठकले छलफलमा भाग लिनु अघि आफ्नो खर्च कटौतीको प्रस्ताव खानेपानी मन्त्रालय सम्बन्धी रहेको तर मा० खानेपानी मन्त्री सदनमा उपस्थित नभएको भनेपछि सम्माननीय सभामुखले त्यसतर्फ ध्यानाकर्षण भएको र मा० खानेपानी मन्त्रीलाई उपस्थित गराउन सचिवालयलाई जानकारी गराइसकेको जानकारी गराउनु भयो ।

मा० डा० भीम बहादुर रावलले छलफलमा भाग लिने क्रममा बजेटमाथिको छलफल चलिरहेको तर सदनमा मा० अर्थमन्त्रीको उपस्थित नरहेको भन्नु भएपछि सम्माननीय सभामुखले मा० अर्थमन्त्री अस्वस्थ रहनु भएको जानकारी सभामुखलाई गराएको र अर्थ मन्त्रालय सम्बन्धी छलफलमा उठेका प्रश्नहरुको टिपोट मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले गर्नुहुने जानकारी गराउनु भयो ।

त्यसपछि उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० डा० विजय सुब्बा
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री गिरिराजमणि पोखरेल
४. मा० श्री जीवनराम श्रेष्ठ
५. मा० श्री लिला देवी सिटौला
६. मा० श्री चन्द्रकान्त चौधरी
७. मा० श्री विन्दा पाण्डे
८. मा० श्री चित्रलेखा यादव
९. मा० श्री छक्क बहादुर लामा
१०. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
११. मा० श्री रेनुका गुरुङ्ग
१२. मा० श्री योगेश कुमार भट्टराई
१३. मा० श्री भिमसेन दास प्रधान
१४. मा० श्री रामेश्वर राय यादव
१५. मा० श्री सरला कुमारी यादव
१६. मा० श्री महेश बस्नेत
१७. मा० श्री तेजु लाल चौधरी
१८. मा० श्री मोतीलाल दुगड
१९. मा० श्री गोपाल बहादुर बम
२०. मा० श्री प्रमोद साह
२१. मा० श्री झपटबहादुर रावल
२२. मा० डा० डिला सँग्रौला (पंत)
२३. मा० श्री मानबहादुर विश्वकर्मा
२४. मा० श्री राजेन्द्रप्रसाद गौतम
२५. मा० श्री देवेन्द्र राज कंडेल
२६. मा० श्री कु. तुल्सी थापा
२७. मा० श्री मिनबहादुर विश्वकर्म
२८. मा० श्री रेखा कुमारी
२९. मा० डा० अमरेश कुमार सिंह
३०. मा० श्री केदार सिग्देल
३१. मा० श्री मिना सुब्बा
३२. मा० श्री लालबहादुर थापा
३३. मा० श्री मोहन प्रसाद पाण्डे
३४. मा० श्री नरबहादुर धामी
३५. मा० श्री सत्यनारायण शर्मा खनाल
३६. मा० श्री मोहन बानियां
३७. मा० श्री लक्ष्मी परियार
३८. मा० श्री घनश्याम खतिवडा
३९. मा० श्री सुजाता परियार
४०. मा० श्री दिपक प्रकाश भट्ट
४१. मा० श्री मैना कुमारी भण्डारी
४२. मा० श्री गंगा चौधरी (सत्गौवा)
४३. मा० श्री नारायण प्रसाद खतिवडा
४४. मा० श्री नविना लामा
४५. मा० श्री शान्तिमाया तामाङ्ग पाख्रिन
४६. मा० श्री देवप्रसाद गुरुङ्ग
४७. मा० श्री पदम गिरी

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र रक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत विभिन्न मन्त्रालयहरुको लागि प्रस्तावित विनियोजन शीर्षकहरुमाथिको छलफलको लागि मन्त्रालयगत वार्षिक विकास कार्यक्रम समेटिएको पुस्तक सदनमा उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हो । यद्यपी शहरी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हालसम्म उल्लिखित पुस्तक प्राप्त हुन आएको छैन । यसप्रति गम्भिर ध्यानाकर्षण भएको छ । यस विषयमा म सम्बन्धित माननीय मन्त्रीको गम्भिर ध्यानाकर्षण गराउँदछु । साथसाथै उल्लिखित मन्त्रालयहरुका वार्षिक विकास कार्यक्रम सम्बन्धी पुस्तक यथाशिघ्र मा० सदस्यहरुले प्राप्त गर्नसक्ने गरी सचिवालयमा उपलब्ध गराउन निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७९ जेठ २७ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ २७ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक साँझ ७:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव